# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प.सं.: २०८३/०८४
च.नं.: ३८९

मिति: २०८३/०६/१९

**मनोसामाजिक परामर्शकर्ता करारमा पदपुर्ती गर्ने सम्बन्धी सूचना।**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने, वैदेशिक रोजगारमा रहेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न तथा अन्य विभिन्न सचेतनामूलक कार्यहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्ति करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका र इच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा रित पुर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ४-०८३/८४ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | १ जना |

१) **आवश्यक न्यूनतम योग्यता र अनुभव:**

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।
- प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, E-mail/ Internet आदिमा ज्ञान भएको) नेपाली/अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

२) **दरखास्त दिने स्थान:** सत्यवती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी ।

३) **दरखास्त दिने अन्तिम मिति:** २०८३/०७/०२ गतेसम्म(सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन)

४) **आवेदनको दस्तुर:** रु ७००/-

५) **छनौटको किसिम:** लिखित र अन्तर्वार्ता।

६) **उमेर:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको।

७) **आवेदन साथ संलग्न कागजातहरू:** आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि: नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु तथा कार्य अनुभव भए सो पुष्टि गर्ने कागजपत्र, पासपोर्ट साइजको फोटो-२ प्रति ।

८) **सेवा सुविधा तथा अन्य:** नेपाल सरकारले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

९) थप जानकारीको लागि फोन नं.९८५६०५०६२४ मा सम्पर्क गर्न सकिनेछ।

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत